आज मिति २०८१/०८/१९ गतेका दिन बिहान ११:३० बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ ।

उपस्थिति:

| | | |
|---|---|---|
| १ | श्री गंगाधर तिवारी | प्रमुख |
| २ | श्री शोभाकुमारी क्षेत्री | उप-प्रमुख |
| ३ | श्री बिष्णु प्रसाद पौडेल | सचिव |
| ४ | श्री चोलाकान्त पाध्या | वडाध्यक्ष |
| ५ | श्री गंगा नारायण श्रेष्ठ | वडाध्यक्ष |
| ६ | श्री अर्जुनबहादुर कार्की | वडाध्यक्ष |
| ७ | श्री अच्यूत तिवारी | वडाध्यक्ष |
| ८ | श्री नारायण प्रसाद लामिछाने | वडाध्यक्ष |
| ९ | श्री नविन कुमार श्रेष्ठ | वडाध्यक्ष |
| १० | श्री केशर पन्त | वडाध्यक्ष |
| ११ | श्री मनबहादुर कुँवर | वडाध्यक्ष |
| १२ | श्री हितमान गुरुङ | वडाध्यक्ष |
| १३ | श्री अमरबहादुर क्षेत्री | वडाध्यक्ष |
| १४ | श्री रुद्रंबहादुर पाठक | वडाध्यक्ष |
| १५ | श्री दुर्गाकुमारी शर्मा | कार्यपालिका सदस्य |
| १६ | श्री भगवती पौडेल | कार्यपालिका सदस्य |
| १७ | श्री सावित्रा कुमारी शर्मा | कार्यपालिका सदस्य |
| १८ | श्री सुनिता शर्मा | कार्यपालिका सदस्य |
| १९ | श्री कला नेपाली | कार्यपालिका सदस्य |
| २० | श्री नेत्र बहादुर बि.क. | कार्यपालिका सदस्य |
| २१ | श्री चन्द्र बहादुर नपाली | कार्यपालिका सदस्य |
| २२ | श्री बाबुराम विश्वकर्मा | कार्यपालिका सदस्य |
| **२३** | **श्री देव शर्मा लम्साल** | **का.वा. वडाध्यक्ष (फ.न.पा. ४)** |
| **२४** | **श्री दुर्गाराज सुबेदी** | **का.वा. वडाध्यक्ष (फ.न.पा. ९)** |

(आ.व. २०८१।०८२, छैठौं बैठक)

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८१/०८/१९ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ यसअघिका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरियो ।

२ फलेवास नगरपालिकाको एक्साभेटर तथा अन्य निर्माणकार्यसंग सम्बन्धित मेसिनरी औजार सञ्चालन कार्यविधि २०७६ को दफा ५ को 'क' मा भएको व्यवस्थालाई शंसोधन गरी देहाय अनुसार कायम गर्ने ।

- 'नयाँ ट्र्याक खोल्ने तथा सडक चक्ल्याउने कार्यका लागि नगरपालिकाको स्वामित्वमा रहेका एक्साभेटर तथा व्याक हु-लोडर सञ्चालन गर्नुपुर्व सम्बन्धित वडाको वडाध्यक्ष वा वडा सदस्य वा संयोजक तथा सहजकर्ता स्वयं उपस्थित भई अनुसूचिमा भए बमोजिमको ढाँचाको मुचुल्का उठाउन पर्नेछ ।

३ यस नगरको कार्यपालिकाको पूर्व निर्णय अनुसार आकस्मिक एवं बिपत र चाडपर्वलक्षित यस पालिका भित्रका बिभिन्न मोटरबाटो सुचारु गर्न मर्मतसम्हार एवं सरसफाई कार्य यस पालिकाका एक्साभेटर र व्याक हु लोडर परिचालन गरीएकोमा सो बापत प्रयोग भएको इन्धनको रकम भुक्तानी गर्न बाँकी १०,८२,६३७४९ (अक्षेरुपी दश लाख बयासी हजार छ सय सैतिस रुपैयाँ उनान्पचास पैसा) गत आर्थिक वर्षको पेश्की रु २ लाख र यस आर्थिक वर्षको पेश्की रु ७ लाख समेत गरी जम्मा रु ९ लाख पेश्की घटाई बाँकी रु एक लाख बयासी हजार छ सय सैंतीस रुपैयाँ उनान्पचास पैसा वडा कर्यालयबाट सिफारिस भई आएको बिवरण, प्राविधिक बिल र लगबुक समेतका आधारमा हालसम्म प्राप्त इन्धनको बिल बमोजिमको रकम भुक्तानी गर्ने । साथै आवश्यकताका आधारमा आयल डिस्ट्रिव्यूटर्सबाट निवेदन माग गरी पेश्की रकम समेत दिने । आगामी दिनमा कार्यालय प्रयोजन तथा मेसिन सञ्चालन प्रयोजनका लागि प्रयोग भएको इन्धनको बिल भुक्तानीका लागि कार्यपालिकाले निर्णय आवश्यक नपर्ने ।

४ यस आर्थिक वर्षमा वडास्तरिय/चालु खर्च शिर्षकमा प्रत्येक वडालाई रु ३ लाखका दरले र पुँजीगत शिर्षक अन्तर्गत रु १० लाखका दरले गरी जम्मा रु १३ लाखका दरले बिनियोजन भएकोमा वडा समितिबाट निर्णय भई भुक्तानीका लागि सिफारिस भई आएका योजनाको भुक्तानी दिने ।

५ वडा नंवर ७ को वडा कार्यालय यसअघि गाउँ विकास समिति रहँदैगर्दा सार्वजनिक जग्गामा बनेको, सो को नापी नक्सा र भोगाधिकार नभएको । सो जग्गा भोगाधिकारको